मेरो साप्ताहिक

मचा साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : ५ • पूर्णांक : २०४ • वि.सं. २०८० पुस ३ मंगलवार • ने.सं. ११४४ थिंलाथ्व सप्तमि • 2023 December 19 • पृष्ठ ८ • मूल्य रू. १०।-

प्रधानमन्त्रीलाई अभिनन्दन गरिने

संघीयताकै कारण जनअधिकारको प्राप्ति : प्रम प्रचण्ड

• **रत्न काजी महर्जन**

काठमाडौं/२० औं ज्यापु दिवसका अवसरमा आउँदो पुस १० गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विशेष अभिनन्दन गरिने भएको छ। सोमवार प्रधानमन्त्री निवास पुगेर प्रधानमन्त्री प्रचण्डलाई बसन्तपुरमा एक कार्यक्रमकाबीच नागरिक अभिनन्दन गर्न लागेको व्यहोरासहित ज्यापु संस्कृति विकास कोषले हरेक वर्ष मंसिर शुक्ल पूर्णिमाका दिन मनाइँदै आएको ज्यापु दिवसको निमन्त्रणा पत्र दिएको हो ।

परम्परागतरुपमा ग्वय्दां दिएर गरिएको निमन्त्रणा स्वीकार गर्दै प्रधानमन्त्री प्रचण्डले संस्कृतिमा धनी काठमाडौं उपत्यका आदिवासी ज्यापु जातिको संस्कृति, सङ्गीत बाजागाजा, रीतिरिवाज, रहनसहनलगायत सामाजिक, सांस्कृतिक उत्थानको लागि सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

सो क्रममा उहाँले 'नेपाल सम्वतलाई सरकारी दस्तावेजमा उल्लेख गर्ने र वागमती प्रदेशमा नेपालभाषालाई सरकारी मान्यता दिनु सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सबैभन्दा ठुलो उपलब्धी भएको बताउनु भयो ।

प्रधानमन्त्री प्रचण्डलाई राजनीतिक राज्यव्यवस्था परिवर्तन गर्दै समृद्धि, सुशासन, सामाजिक न्याय, समाजवाद उन्मुख लोकतन्त्र र सङ्घीयतालाई व्यवहारिक रुपमा लागू गरेको, नेपाल सम्वतलाई सरकारी दस्तावेजमा उल्लेख गर्न र वागमती प्रदेशमा नेपालभाषा र तामाङ भाषालाई मान्यता दिन अभिभावकीय भूमिका निर्वाह गर्नुभएकोले सो नागरिक अभिनन्दन गर्न लागेको कोषका उपाध्यक्ष सन्तकुमार महर्जनले जानकारी दिनुभएको छ ।

यस वर्ष काठमाडौंको त्यंगः त्वाः खलःले ज्यापु दिवसको संयोजन गरिरहेको छ । प्रधानमन्त्रीलाई कार्यक्रममा निमन्त्रणा गर्नका लागि त्यंगः त्वाः खलःका सदस्यहरु परम्परागत भेषभूषा तथा बाजागाजाका साथ बालुवातार पुगेको थियो । त्यंगः त्वाः मिसा पुचःले विभिन्न उपहार सामग्री प्रदान गरिएको कार्यक्रममा कोषका महासचिव रमेश महर्जनले पत्र वाचन गरी सुनाउनु भएको थियो ।

राष्ट्रिय सभा निर्वाचनका लागि चिन्ह प्रदान

• **मेरो संवाददाता**

काठमाडौं/आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि १२ वटा दल दर्ता भएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगले आइतवार एक प्रेस विज्ञप्ति जारी गर्दै नेपालको संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न १२ राजनीतिक दलहरू दर्ता गर्ने निर्णय गरेको जनाएको छ।

आयोगले दर्ता भएका दलहरुका लागि २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मतको आधारमा क्रम निर्धारण गरी निर्वाचन चिन्ह प्रदान गरिएको जनाएको छ।

आयोगले दर्ता भएका दलहरुलाई प्रतिनिधिसभा निर्वाचनकै चिन्ह प्रदान गरेको छ।

नेवाः ताम्सालिङ प्रदेशको माग

• **मेरो संवाददाता**

बागमती प्रदेशका प्रमुख आदिवासी जनजाति नेवाः र तामाङको संयुक्त आयोजनामा पहिचान र अधिकारका लागि राजधानीमा प्रदर्शन गरेको छ । गत शनिवार धर्म निरपेक्षता, संघीयता, गणतन्त्र, लोकतन्त्रमाथि षडयन्त्रप्रति खबरदारी गर्दै पहिचान र अधिरका लागि नेवाः ताम्सालिङ संयुक्त प्रदर्शन र सभा गरेको थियो । राजधानीको न्यूरोडमा पहिचान सहित सहभगी भएका आदिवासी जनजातिहरुले काठमाण्डौका विभिन्न स्थानमा परिक्रमा गरेको थियो । उगु जुलुस असनमा पुगेपछि नेवाः ताम्सालिङ संयुक्त सभामा परिणत भएको थियो ।

सभामा बोल्दै नागरिक आन्दोलनका अगुवा खगेन्द्र संग्रौलाले पहिचानको आन्दोलन न्यायको आन्दोलन भएको बताउदै यस आन्दोलनमा आदिवासी जनजाति मात्र नभई खस आर्यका साथिहरु पनि संगसगै रहेको बताउनु भयो । कार्यक्रममा पहिलो संविधानसभाका सदस्य एवं आदिवासी जनजातिले बनाएको ककसका अध्यक्ष समेत रहेका आइभि गुरुङले तत्कालिन अवस्थामा १२ जना ब्राम्हणवादी नेताहरुकै कारणले मुलुकमा पहिचान सहितको संघीयता नआएको बताउदै भोलीका दिनमा पनि पहिचानका लागि संघर्ष गर्नुपर्ने बताउनु भयो ।

नेवाः देय् दबूका अध्यक्ष पवित्र बज्राचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा पहिचानको आन्दोलन र असनमा भएको सभाको आवश्यकताको बारेमा बोल्दै जब सम्म नेवाः बागमती प्रदेश नामाङकरण हुदैन तबसम्म आन्दोलन जारी राख्ने बताउनु भयो । कार्यक्रममा पूर्व मन्त्री भिमसेनदास प्रधान, आदिवासी जनजाति महासंघका अध्यक्ष गेल्जे शेर्पा, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघका अध्यक्ष ठिमी शेर्पा, नेपाल मगर संघका अध्यक्ष ज्ञानेन्द्र पुनः मगर, किरात याक्थुङ चुम्लुङका अध्यक्ष प्रेम यक्तेन लिम्बु, सुनवार सेवा समाजका अध्यक्ष अमृत सुनवारलगायतले नेवाः ताम्सालिङ प्राप्ति आन्दोलनमा आफूहरुको साथ र सहयोग हुने बताउनु भएको थियो । श्रीकृष्ण महर्जन र मन्जु मिक्चनले संयुक्त रुपमा संचालन गर्नु भएको उक्त कार्यक्रममा स्वागत मन्तब्य नेवाः देय् दबू काठमाडौं महानगर समितिका अध्यक्ष शोभा बज्राचार्यले गर्नु भएको र नेवाः देय् दबूका केन्द्रीय उपाध्यक्ष उमेश स्थापितले धन्यवाद मन्तब्य ब्यक्त गर्नु भएको थियो भने कार्यक्रममा सांस्कृतिक प्रस्तुति पनि रहेको थियो ।

साँस्कृतिक शहर, काठमाडौं महानगर

२० औं राष्ट्रिय ज्यापु दिवसको पावन अवसरमा आयोजित

बृहत साँस्कृतिक च्याली मा सहभागी हुनु भई

दिवस भव्य रुपमा सफल बनाई दिनु हुन सम्पूर्ण नेपालीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

संयोजक

२० औं राष्ट्रिय ज्यापु दिवस समारोह समिति ११४४

त्यंगः त्वाः खलः

काठमाडौं ।

सांस्कृतिक च्याली

बिहान १० बजे टेंगल टोलमा भेला भई नगरपरिक्रमा

राष्ट्रिय ज्यापु दिवस कार्यक्रम

दिउँसो १२ बजे बसन्तपुर, काठमाडौं।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

पहिचानको आन्दोलन र आदिवासी जनजाति

भुगोलमा सानो तर विविधताले पूर्ण नेपाल दुई ठूला देशले घेरिएर रहेको छ। तर पनि सदियौंदेखि स्वतन्त्र रहेर यसले आफ्नो अस्तित्व विश्वका सामु उजागर गर्दै आइरहेको छ। भौगोलिक, प्राकृतिक र जैविक विविधता मात्र होइन यहाँ जातीय विविधताले पनि उतिकै ठाउँ ओगटेको छ। विभिन्न सय भन्दा बढी आदिवासी जनजाति समुदाय रहेको नेपालमा १२३ भन्दा बढी भाषाको प्रयोग आजपर्यन्त भइरहेको छ। तर पंचायतकालमा लिइएको एक भाषा र एक भेषको नीतिका कारण कतिपय भाषाहरु लोप र कतिपय भाषाहरु लोपोन्मुख अवस्थामा पुग्न गएको छ। यसै सन्दर्भमा २०६२-६३ को जनआन्दोलपछि बनेको नेपालको अन्तरिम संविधान र २०७४ मा जारी गरिएको नेपालको संविधानले यहाँको जातीय विविधतालाई पनि सम्बोधन गर्ने र यहाँ बोलिने मातृभाषालाई मान्यता दिने बाटो खोलेको पाइन्छ। यसमा काठमाडौं महानगरपालिकाले आफ्नो क्षेत्राधिकारमा रहेको स्थानीय सामुदायिक विद्यालयमा नेपालभाषाको माध्यमबाट स्थानीय विषयको पठनपाठनले नयाँ बाटो पहिल्याउन सफल भएको छ।

२०६२-६३ को आन्दोलनमा सहभागी आदिवासी जनजातिहरुको प्रमुख माग भनेको जातीय पहिचानका आधारमा नेपाललाई संघीय राज्य बनाइनु पर्छ र नेपाल पूर्णरुपमा संघीय राज्य हुनुपर्छ भन्ने नै हो। जब सम्म संघीयताको सिद्धान्तलाई पूर्णरुपमा अवलम्वन गरिँदैन, तबसम्म नेपालका आदिवासी जनजातिले उत्थान गरिरहेको पहिचानको मुद्दा पूरा हुन सक्दैन। कतिपय मानिसहरुले संघीयतालाई देश टुक्राउने खेलको रुपमा परिभाषित गरेर जनतालाई भ्रम छर्ने काम भएको पाइन्छ। अनि संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल भइसकेपछि कुनै किसिमको उपलब्धी नभएको कारणले अब राजतन्त्र नै फर्काउनु पर्छ भन्ने गरेको सुनिन थालिएको छ। तर के साँच्चै संघीयता र गणतन्त्र घोषणा भइसकेपछि कुनै उपलब्धी नभएकै हो त ? सोच्नु पर्ने बेला आएको छ। आदिवासीले उठाएको पहिचानको मुद्दा अझै पूरा भएको छैन। मात्र प्रदेशको नाम माग्दा पनि केही मानिसहरु डराई रहेका छन्। यस्तो अवस्थामा आदिवासी जनजातिहरु एकजुट हुन नसक्नु नै प्रदेशको नामांकनमा देखिएको मुख्य समस्या हो। आदिवासी जनजातिहरुमा एकता र दृढता भएको भए प्रदेशको नामांकन पहिचानको आधारमा गर्न कुनै रोकावट हुने थिएन।

माटो दिवशको महत्व र यसले दिने सन्देश

✍ कृष्णहरि देवकोटा

माटो अत्यन्त महत्वपूर्ण प्राकृतिक धरोहर हो। माटो भनेको खनिजतत्व, प्रांगारिक पदार्थ र सूक्ष्म जीवहरुको संमिश्रण हो। विरुवाको वृद्धिविकासको लागि अति आवश्य धेरै जसो तत्वहरु माटोमा नै पाइन्छ। माटोको महत्वको उजागर गर्न र सबै तिरको माटोको संरक्षण हुन सकोस् भनेर माटो दिवस मनाउन थालिएको छ। माटो विना वोट विरुवा, जीव जन्तु तथा जैविक विविधता कुनै पनि संभव छैन। यो भएन भने हाम्रो जीवनको आधार नै समाप्त हुन्छ।

यो बर्षको माटो दिवश डिसेम्वर ५, २०२३ संसार भरी भव्यताका साथ मनाइएको छ। माटोको महत्वलाई संसार भरी फैलाउने र माटोको संरक्षणमा संसारका सबै मानिसले आआफ्नो तर्फबाट योगदान दिन सकुन् भन्ने लक्षकासाथ यो दिवस



मनाउन थालिएको हो। इतिहासलाई केलाउने हो भने माटो दिवस मनाउनको लागि अन्तराष्ट्रिय माटो विज्ञान संघले सन् २००२ मा नै डिसेम्वर ५ लाई सिफारिस गरेको भएता पनि २०१३ मा आएर मात्र संयुक्त राष्ट्र संघको सभाले डिसेम्वर ५ लाई माटो दिवश मनाउने घोषणा गऱ्यो र २०१४ बाट संसार भर मनाउन थालियो। माटो दिवश मनाउनको लागि थाइल्याण्डका राजा भूमिबोल अदुल्यदेजको ठूलो योगदान रहेको भन्ने गरिन्छ। माटो दिवश संयोगवस उनकै जन्मदिवशको दिनमा नै पर्न गएको छ।

यो बर्षको माटो दिवशको थिम रहेको छ, 'माटो र पानी जीवनको आधार' ("Soil and water, a source of life.")। हुन पनि हो हाम्रो जीवनको आधार नै माटो हो। हामीले खाने खाना धेरै जसो त माटोबाटै उत्पादन भएको हुन्छ। संसारमा ९४ प्रतिशत खानेकुरा माटोबाटै उत्पादन हुन्छ। बाँकी पानीबाट उत्पादन हुने गर्दछ। माटोको गुणस्तरमा आएको कमिको कारण खानेकुरामा पाइने भिटामिन र पोषक तत्वहरु घट्दै गएको देखिएको छ। विश्वका २ खर्ब जनसंख्यामा पोषक तत्वको अभाव देखिएको छ। बढ्दो जनसंख्याको अवस्थालाई हेर्दा सन् २०५० सम्ममा कृषि उत्पादन ६० प्रतिशतले वृद्धि गर्नु परेको छ। त्यसैले माटोको सुरक्षा गर्नु भनेको हाम्रो खानेकुराको सुरक्षा गर्नु हो। माटोबाट हामीले धेरै बस्तुहरु प्राप्त गर्दछौं। यो मानिसहरुको लागि मात्र नभएर सहस्र प्राणीहरुको बासस्थान पनि हो। माटो प्राकृतिक प्रणालीको एक महत्वपूर्ण टुक्रा हो। हाम्रो वरपर रहेका पञ्च भौतिक तत्वहरु मध्य माटो एक महत्वपूर्ण तत्व हो। यसको संरक्षण विना जैविक विविधताको संरक्षण हुन सक्दैन। जैविक विविधताको संरक्षण विना मानव जातिको अस्तित्व रहन सक्दैन। त्यसैले माटोको संरक्षण भनेकै हाम्रो आफ्नो संरक्षण हो।

अहिले माटोको विनास संसार भरको समस्या बनेर चुनौतिको रुपमा खडा भएको छ। यसको संरक्षणमा लाग्नु हामी सबैको कर्तव्य बनेको छ। माटोविनास हुनुको प्रमुख कारणहरु बनको विनास, बाढी पहिरो, प्रदुषण, फोहोर, विषादी र विभिन्न रासायनिक बस्तुहरुको प्रयोग, फोहोर मैलाको विसर्जन, जथाभावि बनाइने भौतिक संरचना, शहरीकरण, खेति गर्ने नाममा माटोको अत्यधिक दोहन आदि हुन्। हामिले सिचाई गर्ने पानी पनि अहिले रासायनिक पदार्थको प्रयोग र फोहोरमैलाको कारण प्रदुषित भएको छ। रासायनिक मल, रासायनिक विषादी, सरहरको ढल, औद्योगिक फोहोर आदिका कारणले पानी प्रदुषित भएको छ। उक्त पानीको प्रयोग माटोमा गर्दा मीटो पनि प्रदुषित भएको छ।

एक दुई से.मी. बाक्लो खेतियोग्य माटो बन्न स्थान हेरेर सय बर्ष देखि केही हजार बर्षसम्म लाग्न सक्छ तर हामी मानव जातिको विध्वंसकारी क्रियाकलापले उक्त माटो केही समयमै नस्ट हुन सक्दछ। संसार भरिकै खेतियोग्य माटो अहिले धेरै नष्ट भइसकेको छ। प्रदुषण, भूक्षय, रासायनिक बस्तुहरुको प्रयोग आदिका कारण माटो प्रदुषित बनेको छ। खेतियोग्य जमीनको मरुभूमिकरण भइरहेको छ। यो क्रम रोकिएन भने मानिसहरु खानाको अभावमा धेरै मर्नसक्ने अवस्था आउन सक्छ। मानिसहरुमा माटोको महत्व प्रति चेतना जागोस् र संरक्षणमा सबैको मन जाओस् भनेर नै माटो दिवस मनाउन थालिएको हो।

बाँसुरी वादन प्रतियोगितामा थँबही ल्याय्म्ह पुचः प्रथम

- **मेरो संवाददाता**

काठमाडौं/२९ औं महानगर दिवसको सन्दर्भ पारेर राष्ट्रिय सभा गृहमा आयोजित महानगरपालिका स्तरीय बाँसुरी बादन प्रतियोगितामा वडा नं. २६ को थँबही ल्याय्म्ह पुचः मचा कवःको समूहले प्रथम स्थान हासिल गरेको छ। यस्तै वडा नं. १६ को श्री श्वेत बिनायक बाँसुरी ल्हुति संरक्षण समितिको समूह दोस्रो र वडा नं. २० को अशोक विनायक व्यवस्थापन समाजको समूहले तेस्रो स्थान प्राप्त गरेको छ।

प्रतियोगिताको प्रथम स्थान हासिल गर्नेलाई १ लाख ५० हजार रुपैयाँ नगद र शिल्डमा चाँदीको ठूलो बाँसुरी, दोस्रो स्थान हासिल गर्नेलाई १ लाख रुपैयाँ नगद र शिल्डमा चाँदीको मझौला बाँसुरी र तेस्रो स्थान हासिल गर्नेलाई ५० हजार रुपैयाँ नगद सहित शिल्डमा चाँदीको सानो बाँसुरी प्रदान गरियो। प्रतियोगितामा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाट जीवन आले, सांस्कृतिक संस्थान (राष्ट्रिय नाच घर) बाट दुर्गाप्रसाद खतिवडा, रेडियो नेपालबाट डा. निरञ्जन राजभण्डारीले निर्णायक मण्डलमा हुनुहुन्थ्यो।

विजेतालाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गर्दै उपप्रमुख डंगोलले अमूर्त सांस्कृतिक सम्पदासँग जोडिएका बाजागाजा र बाद्य परम्परा जोगाउने कामलाई महानगरपालिकाले प्राथमिकतामा राखेको बताउनुभयो। 'गएको बर्ष धिमे बाजा प्रतियोगिता आयोजना गरेका थियौं। यस बर्ष बाँसुरी बादन प्रतियोगिता गर्यौं। अमूर्त सांस्कृतिक सम्पदासँग जोडिएका रहनसहन, बाजागाजा, भेषभुषा, श्रृङ्गार, भाषा, साहित्य र सिर्जना जोगाउने काम गर्नेछौं।' उहाँको भनाइ थियो।

प्रतिस्पर्धाका विषयमा धारणा राख्दै सम्पदा समितिका संयोजक आशामान संगतले भन्नुभयो, 'समुदाय र परम्परागत खलः पुचः सँग महानगरपालिकाको आत्मीय सम्बन्ध स्थापित हुने काम गर्नेछौं।'

महानगर स्वर्णिम योजना 'सांस्कृतिक महानगर' कार्यक्रमअन्तर्गत परम्परागत बाद्य सामग्री तथा शैलीको संरक्षण गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो।

प्रतियोगितामा ७ वटा समूहले भाग लिएका थिए। बिजेता ३ समूहबाहेक अरु समूहलाई प्रोत्साहनस्वरुप १०/१० हजार रुपैयाँ प्रदान गरिएको थियो। यसरी प्रोत्साहन प्राप्त गर्नेमा वडा नं. १२ को धर्मचक्र तःननी खल, वडा नं. ८ को ग्वल बाजं खलः, वडा नं. २२ को पाक्वःपुखुद्या मानन्धर सनाः खल, वडा नं. २४ को केशचन्द्र महाविहार संरक्षण समाजका प्रतियोगी समूह थिए।

बौद्ध जातक कथामा आधारित 'बोधि-सत्त्व'

- **मेरो संवाददाता**

काठमाडौं/बौद्ध जातक कथामा आधारित सांस्कृतिक नाटक 'बोधि-सत्त्व' दर्शकहरुको अपार प्रेमका साथ प्रदर्शन भइरहेको छ। गत मंसिर २० गतेबाट प्रदर्शन गरिएको बज्र कला कुञ्जको प्रस्तुति रहेको यो नाटक यही पुस ४ गतेसम्म प्रदर्शन गरिने भएको छ। काठमाडौंको टेकुस्थित कथा घेरा (कौसी थिएटर)मा हरेक दिन साँझ ५ बजेबाट प्रदर्शन गरिएको नाटक हरेक दिन जसो नै हाउसफूल रहेको नाटकका प्रमुख अभिनेता एवम् व्यवस्थापक सुदनमान मुनिकारले बताउनु भएको छ।

चर्या नृत्य गुरु चन्द्रमान मुनिकारको लेखन, परिकल्पना तथा निर्देशन रहेको यस नाटकको नाट्य रुपान्तरण ईगिहोपो कोईच सुनुवारले गर्नुभएको छ भने उहाँकै प्रकाश परिकल्पना तथा परिचालन रहेको छ। निरज शाक्य र यचु शाक्यको संगीत संयोजन रहेको नाटकमा ध्वनी परिचालन सरिता कठायतले गर्नुभएको छ। ममा आर्टस् र काठमाडौं महानगरपालिकासँगको सहकार्य रहेको यो नाटक निर्देशक मुनिकारको चौथो सांस्कृतिक नाटक हो।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

ड्रिम्स डिजिटलको स्रष्टा सम्मान

- **मेरो संवाददाता**

काठमाडौं/ड्रिम्स डिजिटल प्रा.लिले एक कार्यक्रम आयोजना गरी स्रष्टाहरूलाई सम्मान तथा विविध साँस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो।

ड्रिम्स डिजिटल प्रा.लि.का अध्यक्ष गायक तथा निर्देशक दिल कुमार विश्वकर्माको सभापतित्वमा साँस्कृतिक संस्थान राष्ट्रिय नाचघर जमलमा भएको कार्यक्रम उप-सभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

कार्यक्रममा प्रमुख अतिथि उप-सभामुख रानाले सरकारले गर्नुपर्ने कार्य ड्रिम्स डिजिटल प्रा.लि ले गरेकोमा खुसी व्यक्त गरिन्।

गायक, संगितकार तथा ऐरेञ्जर इन्द्र जि.सी, सर्जक तथा गायक ऋषि अधिकारी, संगितकार तथा ऐरेञ्जर वि.वि अनुरागी, गीतकार राजकुमार बगर, गायिका लक्ष्मी न्यौपाने, नायक तथा मोडल शितल के.सी.लाई उक्त कार्यक्रममा सम्मानित गरिएको थियो। यस्तै गायक तथा संगितकार टिका बम्जन, गायक नमराज ढुङ्गाना, सञ्चारकर्मी चन्द्रमणी गौतम, ऐरेञ्जर तथा संगीतकार राजु खडका, मोडल तथा निर्माता निशान रसाइली, सर्जक शम्भु कुँवर, गायक जीवन परियार, गायक रेशम कुमार विश्वकर्मा, गायक तथा ऐरेञ्जर जि.पुन (जित बहादुर पुर्जा पुन), गायक, ऐरेञ्जर तथा मोडल यमन खनाल, सर्जक तथा गायक विनोद ढकाल, भिडियो निर्देशक रेशम कुमार स्याउली तामाङ, संगितकार तथा ग्राफिक्स डिजाइनर शान्त शिशिर, गायक हेमराज डाँगी, गायक कृष्ण प्रसाईं, मोडल दिपेश एस.के., मोडल दिप केसी, गायक भिम मगर, गीतकार सिकन्दर ठाकुर, गायक तथा सर्जक अभिनव चौहान, सञ्चारकर्मी शिवराम भण्डारी, दोहोरी सञ्चालक सविन श्रेष्ठ, कलाकार अनिता कार्की, गायक अभिनय यादव, छायाँकार तथा सम्पादक मदन राई, गायिका मिना वेल्बासे, गायक नविन गुरुङ, गीतकार सन्दिप मगर, भिडियो सम्पादक सुविन दाहाल, समाजसेवी शिवदेव पाण्डे तथा चाँगुनारायण रोधि क्लब परिवार सम्मानित भएका छन्।

सम्मानित भएपछि सर्जक तथा गायक ऋषि अधिकारी, संगितकार तथा ऐरेञ्जर वि.वि अनुरागीले मन्तव्य राखेका थिए।

गायक इन्द्र जि.सी, रेशम कुमार विश्वकर्माले गीत प्रस्तुत गरेर सबैलाई नचाएका थिए भने दिपेश एस.के.को टिमको उत्कृष्ट नृत्य प्रस्तुत भएको थियो।

२०७२ सालमास्थापित ड्रिम्स डिजिटल प्रा.लि ले आफ्नो स्थापना कालदेखिनै विभिन्न कार्यक्रममार्फत सर्जकहरूलाई सम्मान गर्दै देशको कला संस्कृति प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

Newa FM 106.6 MHz
नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
शुभो पात्रो
नेपालभाषा एकेदेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपु-२, ललितपुर।
फोन ल्याः ४३३०२२१, ४३३४२२२
इ-मेल : ankmedia.newafm@gmail.com

काठमाडौं उपत्यकाको प्रख्यात सात गाउँले जात्रा (न्हय्गं जात्रा)

पचलि भैरवया झिनिदँया जात्रा - २

✍ रविन्द्र महर्जन

चान्हय् यागु प्याखनय् देवगणतयूत पञ्चबली धका हँय्, खा, दुगु, फै व मेय् बलि बिइगु ज्या जुइ। थथे पञ्चबली प्वसः बिइवलय् रुद्रायणी (द्रौपती) यात हिया पलेसा दुरु त्वंकिइ। पुजाया नाप नाप यक्व देव गणया न्हय:ने ढकी फलफुल (सिसापुसा) नैवेद्य, लंपिचाय् समय्बजि धौपति व धाला तयाविइ। थ्व दक्व समय्बजि बाजंया तालय् ल्यूने च्वंपिं स्वकूमितय्थाय् ह्वलेगु याइ। वयालिपा तग्वःगु लँपिचा (धाला)य् च्वंगु समय्बजि छम्ह मनूयात ज्वंका बाराही नं स्वयाच्वंपिं मनूतय्थाय् प्रसादया रुपय् ह्वली।

थ्व ज्या क्वचाय्का अजिमा यक्व द्यःपिन्त महापात्रय् थ्वँ तया पालंपाः बिइगु याइ। थथे महापात्रय् थ्वँ अय्लाः तया मू नायः, नायः, गुरुपिं व बाजं थाइपिन्त नं पालंपाः बिइगु याइ, अथेहे इमिसं नं प्याखँ पाः कया हे त्वनेगु याइ। वयालिपा अजिमा थः थम्ह तुं थ्वँ व अय्लाः त्वनेगु याइ।

थ्वया कन्हय् खुन्हु सुथंनिसें प्याखं ल्हुइगु ज्या शुरु जुइ। दकलय् न्हापां गणेश, ब्रम्हायणी, रुद्रायणी, कुमारी व बाराहीयागु प्याखं शुरु जुइ। न्हिनय् न चान्हय् थें तुं बलि पुजा जुइ, थ्वयात न्हि पुजा धाइ।

थ्व प्याखनय् कुमारी ल्वाना दैत्ययात बुकेगु याइ नापं सिंहनी व व्याघ्रीनीतय्सं ख्यालि प्याखं (ठ्टयौली) क्यना स्वकुमितय्त न्हिकेगु याइ।

थ्व प्याखंया अन्तिम इलय् श्री पचली भैरवयात महाद्यःया रुप धारण याका श्वेत भैरवया प्याखं ल्हुइकि। थ्व प्याखं ब्रम्हूत्वाःया श्वेत भैरवय् हुइकेगु याइ। थथे श्वेत भैरव पिकाय्त खर्च यक्व माःगुलिं याना हे मेमेगु थासय् पिकाइमखुगु चलन दु। थथे भैरव पिकाइपिं ग्वसाः खलःपिन्सं थःगु हे छैंय् यंकाः गुरुपिन्स गोप्य पुजा यानाः श्वेतभैरवयात तुयुगु कापलंपुंकाः ख्वाःपाःतय्गु ज्या जुइ व श्वेत भैरवयात पञ्चामृत पुजा याइ।

वयालिपा श्वेत भैरवयात ख्वाः त्वपुइका डबली हय्गु ज्याः जुइनापं डबली थ्यने न्हय:हे गणेश व कुमारी वया ख्वाः उइकः वइ। दकलय् न्हापा कुमारी ख्वाः उइकुसा म्हय्याय् व गणेश न्हापां ख्वाः उइकुसा ग्वसाः खलःतय्त नं काय् बुइ धकाः धाइगु नं जन विश्वास दु। श्वैत भैरवया तुयुगु रंगया ख्वाःपाः ग्वाँय् दुम्ह महाद्यः थें तुं स्वहाकः सिन्हः दइ। तुयुगु जामा, तुयुगु लं तिसा वहया जन्तर नं तियातःगु दइ।

प्याखंया नापनापं श्वेतभैरवं न्या लाना नःगू हाउभाउ याना स्वकुमितय्त क्यनिगु छगु ब्व बांलाः। न्याँ लाइगु इलय् डबू फोहर जुल धकाः सफा यायेगु व थःगु लं हाकुल धका थःगु लं हिइगु हाउभाउयात छकः ला स्वकूमितय्त प्याखं स्वया च्वनागु मखु नाटक स्वया च्वनागु थें च्वनि। वयालिपा मनमैजुं महापात्रय् थ्वं तया श्वेत भैरवं थ्वँ त्वंगु भाय् नं याना क्यनी। प्याखंया हे इवलय् श्वेत भैरवं थः म्हय्याय् मनमैजु तसकं बांलाःगु जुया बुयाः प्याखँ ल्हुइ मासिवल धैगु भाय् याना बुया प्याखँ ल्हुइ। अथेहे काय् गणेशयात न बुया प्याखँ हुलि (ल्हुई) थथेहे स्वकूमितय्त न्हिकाः न्हिकाः हे श्वेत भैरवया प्याखं क्वचाइ।

श्री पचली भैरवया प्याखँ यैं, यल, ख्वप, टोखा, गोकर्णय् हुइका दकलय् लिपा सिजाः नका क्वचायेकेगु याइ। थथे क्वचायेकिगु ज्याइवः असार महिनाया भलभल अष्टमी तिथि लाका दलाछि त्वाःया भोक्षननि तक हइ। वया लिपा दक्वं द्यःपिं थःगु थःगु थासय् पुलिं चुया च्वनि व दथुइ पचली भैरव व अजिमा बाराही च्वनि धाःसा इमिगु न्हय:ने धौबजि दुगु थाय्भु तयाबी। बाजंया तालय् गुरुपिन्स उजं विल कि पचली भैरव व अजिमा बाराही नं ल्हातं छम्हू छम्हू धौबजि ज्वना फ्यतुना च्वपिं द्यःपिन्त ह्वलेगु याइ। थ्व ज्यायात सिजाः नकेगु धाइ। थथेहे धौबजि ह्वलेगु ज्याः स्वकः तक जुइ। थथे धौबिज ह्वलिगु इलय् द्यःपिनिगु शक्ति म्हो जुजुं वनि। थ्व ई स्वया न्हय:हे द्यःपिनिगु ल्यूने क्वबिइपिं मनूत च्वनाच्वंगु दइ। स्वकः तक धौबजि ह्वलिबलय् सिइ थें जुइ व ल्यूने च्वंपिं मनूतसे क्वबिया मरु सतःया दक्षिण पश्चिमय् च्वंगु ऐतिहासिक थस्वः हितिइ यंका लः त्वंके यंकी।

थ्व सर्गः स्वःगु हितिइ तन्त्रमन्त्रं न्हापा न्हापा लः वयेकीगु खः धकाः नं धापु दु। थौंकन्हय् न वहे हितिइ लः त्वंकाः हानं द्यःपिन्त क्वविया हे दक्व द्यःपिन्त पचली पिठय् यंकी। पचली पीठय् थ्यंकाः गुरुपिन्स दक्व द्यःपिन्स पुया तःगु ख्वापाः लिकया पीठय् च्वंगु द्यःपिनिगु थासय् हे तइ व द्यःपिन्त लिकसं च्वंगु द्यःछैंय् यंकाः कापतं त्वपुया न्हय:ने यंकि। थथे द्यःपिं मनूत दयाच्वंगु इलय् हे गुरुपिन्त पचली पीठय् पुजायाना बलि बिया छकु छकु ला व निलः हाः हाः यानाः द्यनाच्वंपिं मनूतय्त थनि व थःथःगु ख्वाःपाःयात तुय्गु कापतं त्वपुया टेकु दोभान यंकिबलय् सी बाजं थाना यंकि। मनूतय्त थें हे सिँयागु चिता दय्काः द्यःने ख्वाःपाःत दक्व तयाः उना छ्वइ। भैरव जूम्ह मनुखं ख्वाःपाःया खरानी यंकाः बागमती खुसिइ चुइका छ्वइ। वहे चान्हय् बलि व्यूम्ह दुगुया गःपतय् चक्कु तिया द्यः जुयाः प्याखं ल्हुया बलय् मनुतयसं छाय् हःगु धेवा हिनामिना यानागु मदु धकाः पाः फय्केगु याइ।

क्वचाल

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १०५

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गाँय्गुइँ, अनु.	भुनुभुनु, खासा खुसु।	गाईंगुईं।
गाँय्गुइँ जुये, क्रि. (ल)	दुनें दुनें खँ जुये।	गाईंगुई चल्नु।
गां, सं. (गाम-)	देय् मखु, थ्वचा थ्वचा छैंछिं दुगु बस्ती।	गाउँ।
गांपाः, सं. (पात-)	देय्स्वाःगु गां, सहर पिनेया थाय्।	काँठ।
गांचा, सं. (-गू)	भिखाचा छें जक दुगु गां।	खोप्राखाप्री मात्रै भएको गाउँ।
गाः १, सं. (गाल -)	ह्वाकुं वंगु गाः।	खाल्डो।
गाः खने, क्रि.	गाः म्हुये, गाः वंके।	खाल्टो खन्नु।
गाःझ्याः, सं. (झ्याल -)	देगलय् झ्याः जःखः वा लुखा जःखः ती चाय्के मजिउगु झ्याःया बां।	नमूना झ्याल।

हलिं नेवाः गुथि गतिविधि

हलिं नेवाः गुथिं नगुमा लःल्हात

- **मेरो संवाददाता**

यैं/हलिं नेवाः गुथिपाखें नेपाल संवत्यात व्यवहारय् छ्यले अःपुकेगु निंतिं नेपाल संवत् ११४४ या नगुमा (क्यालेण्डर) थाहा नगरपालिका २ नं. वडाया नायः बम बहादुर सिन्तानयात लःल्हाःगु दु।

हलिं नेवाः गुथिया मूनायः विनोद महर्जनया उपस्थितिइ छगू औपचारिक ज्याइवःयासें हलिं नेवाः गुथिपाखें पिथुं नगुमा लःल्हाःगु खः।

थुगु ज्याइवलय् गुथिया मकवानपुर जिल्ला नायः विजय मल्ल, पनु (पालुङ्ग) कचाया नायः निरञ्जन श्रेष्ठ, दुजः शम्भु नापितपिनि ब्वति दुगु खः।

थ्व हे इवलय् गुथिया १५ क्वःगु दँमुँज्या पनु (पालुङ्ग)य् तःजिक हनेगु निंतिं नं सहलह जूगु खः। गुथिपाखें पनुइ दँमुँज्या यायेगु क्वःछी धुंकूगु दु।

गुथिपाखें थ्व हे पुस २१ गते यैंया पचली तःजिक नेवाः भ्वय् नापं सांस्कृतिक ज्याइवः व बागमती प्रदेशय् नेपालभाषा व तामाङ्ग भाय्यात सरकारी ज्याखँया भाय् दयेकूगुलिं हना ज्याइवःया ग्वसाः ग्वयागु जानकारी नं गुथिया मूनायः विनोद महर्जनं मेरो साप्ताहिकयात बियादीगु दु।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना। नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ। लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

'ज्यापु दिवसलाई सबैले अपनाउन अनुरोध छ'

धनबहादुर महर्जन 'तिमिला'
संयोजक २० औं राष्ट्रिय ज्यापु दिवस, अध्यक्ष, त्यंगः त्वाः खलः

हरेक वर्ष थिंलाथ्व (मंसिर शुक्ल) पूर्णिमाको दिन ज्यापु संस्कृति विकास कोषको आयोजनामा राष्ट्रिय ज्यापु दिवस मनाइने गरिँदै आएको छ। काठमाडौंका परम्परागत टोलहरु मध्ये एउटा टोललाई संयोजनको अभिभारा दिएर मनाइने यस दिवसका लागि यस पटक त्यंगः त्वाः खलःलाई संयोजक टोकिएको छ। उक्त खलःका अध्यक्ष एवम् समारोहका संयोजक धनबहादुर महर्जन "तिमिला"सँग मेरो साप्ताहिकका लागि सुनिता महर्जनले दिवसको तयारीका सन्दर्भमा गर्नुभएको कुराकानीको सार यहाँ प्रस्तुत गरिएको छ – सं.।

☞ ***तपाईले यसपालिको ज्यापु संस्कृति विकास कोषको आयोजनमा हुने ज्यापु दिवस २०८० को संयोजन त्यंगल टोलबाट गर्नुभएको छ। यस कार्यक्रममा के कस्ता कार्य गर्दै हुनुहुन्छ ?***

ज्यापु संस्कृति बिकास कोषको आयोजनामा त्यंगल टोलको संयोजनमा २० औ ज्यापु दिवस पुष १० गते आयोजना हुन गइरहेको छ। यस टोलले संयोजनको अभिभारा लिए देखि विभिन्न कार्यक्रमहरुको आयोजना गरिसकेका छौ। अहिले सम्ममा ज्यापु दिवसलाई लक्ष्य गरि रक्तदान, महिला भेला साइकल च्याली गरि सकेका छौं।

☞ ***यी त भए तपाईले गरिसकेको काम अब अगाडि के कस्ता कार्य गर्दै हुनुहुन्छ ?***

योमरि पुन्हि आउन अब धेरैदिन बाँकि छैन तर पनि हामीले ६३ टोलकै महिला दिदिबहिनिको सहभागितामा सुकुन्दा च्याली आयोजना गर्दै प्रचारको लागि गर्न लागिरहेको छौ। जसमा हामीले त्यंगल टोलबाट शुरुगरि माथिल्लो भेग र तल्लो भेगमा परिक्रममा गर्ने लक्ष्य रहेको छ। १० गते चाहि मुल कार्यक्रम गर्ने त भइहाल्यो।

☞ ***योमरी पुन्हिको दिनमा मनाउने ज्यापु दिवस ज्यापुहरुले मात्र मनाउने गरिन्छ कि गैर ज्यापुहरुले पनि मनाउने गरिन्छ ?***

महत्वपूर्ण विषय नै यहि छ। जहिलेदेखि ज्यापु दिवस मनाउन शुरु गरेको छ त्यहि दिनदेखि ज्यापु दिवस किन मनाइएको नेवाः दिवस किन मनाइएन भन्ने थुप्रै प्रश्न उठिरहेको छ। अरु दिन केहि चर्चा नभएपनि ज्यापु दिवस आउने समयमा चाहि यस्को चर्चा हुने गरेको पाइन्छ। योमरी पुन्हि नेवाः समुदायको महत्वपूर्ण दिन हो यस दिन सबै नेवाःहरुको घरघरमा योमरि पकाइ भकारिमा पुजा गरि खाने चलन छ। अहिले पनि भकारि नभए पनि चामलको भाँडोमा राखि पुजा गरि खाने चलन रहेको छ। यहि दिनमा ज्यापु दिवस मनाउने गरिन्छ अरु दिन किन गरेन भनेर पनि प्रश्न उठिरहेको छ। योमरि पुन्हिमा यो दिवस मान्न हुने पाहाँचहेमा मान्न नहुने होइन यो दिवस योमरि पुन्हिको दिनमा पारेको मात्र हो। अरु दिन मनाए पनि खासै फरक पर्दैन तर योमरि पुन्हि खास गरि कृषि सित सम्वन्धित छ। अरु चाडपर्वहरु जुन नेवाः समुदायले मनाउने गरिरहेको छ त्यो पनि प्राय जसो कृषिमा सम्वन्धित छ। त्यसमाथि पनि योमरि पुन्हिको दिनमा ज्यापु दिवस मनाउने सम्वन्ध त छँदैछ।

योमरि पुन्हि विशेष कुनै व्यक्ति विशेष होइन। यसमा ज्यापुहरुले आयोजना मात्र गरेको हो यसमा सम्पूर्ण नेवाः समुदाय मात्र होइन गैर नेवाः समुदाय पनि सहभागि हुन सकिन्छ। जसमा जनजातिहरुलाई पनि स्वागत गर्न आतुर छौ।

☞ ***ज्यापु संस्कृति विकास कोषको आयोजनामा त्यंगल टोलको संयोजनमा हुने यसपालिको ज्यापु दिवसमा पुरस्कार वितरण गर्ने पनि योजना छ। यस पुरस्कारमा ज्यापु समुदायलाई मात्र लक्षित गरेको छ कि अरु समुदायलाई पनि समावेश गरिने छ ?***

ज्यापु दिवस ज्यापुहरुले मनाउँदै गरिरहँदा हामीले अरुलाई पनि यस पुरस्कार वितरणमा सहभागि गराई उदारपन देखाउन कोशिस गरिरहेका छौ। ज्यापु समुदायका विभिन्न क्षेत्रमा योगदान दिनेलाई पुरस्कार दिने त छँदैछ। हामीले गैर नेवाः समुदायकाहरुलाई पनि विशेष सम्मान गरि समेत्ने प्रयास गरिरहेका छौं।

☞ ***ज्यापु दिवसमा सम्माननिय प्रधानमन्त्रिको रोहवरमा कार्यक्रम संचालन गर्नुहुन्छ। उहाँको सहभागिताले मात्र यो कार्यक्रम राष्ट्रिय स्तरको भएको हो ?***

खासै भन्ने हो भने सम्माननिय प्रधानमन्त्रिको सहभागिताले मात्रले यो दिवस राष्ट्रिय स्तरको भएको भने पक्कै होइन। यस दिन सबैलाई विदा छ अर्को कुरा यसै दिन उभौलि पर्व पनि पर्न जान्छ। हुनत यस कार्यक्रममा राष्ट्रपति र प्रधानमन्त्रिले सहभागिता देखाउँदै आइरहनु भएको छ। ज्यापु दिवस कृषिसँग सम्बन्धित रहेको मैले अगाडि पनि भनीसकेको छु। नेपाल कृषि प्रधान देश र राजधानीमा कृषि पेशा गर्ने प्रमुख समुदाय ज्यापु भएका कारणले यो दिवस महत्वपूर्ण छ। त्यसमा पनि ज्यापु जातिले उपत्यकाको संस्कृतिलाई जीवन्त बनाउनका लागि सदियौंदेखि योगदान दिँदै आएको कदर स्वरुप यसलाई २०६५ सालमा राष्ट्रिय मान्यता दिइएको हो।

☞ ***यसपालि त्यगंल टोलले ज्यापु दिवस संयोजन गर्दैगर्दा तपाईको अनुभव कस्तो रह्यो ?***

यो पनि अति महत्वपूर्ण कुरा सोध्नु भयो। हुनत म त्यंगल टोलको अध्यक्ष मात्र नभई ज्यापु संस्कृति विकास कोषको सचिव पनि हो। यसपालि हाम्रो टोलले संयोजन गरिरहदा र पहिला संयोजन गरेको टोलमा हामी गई उहाँहरुले संचालन गरेको विभिन्न कार्यक्रममा सहभागि हुँदा र अहिले आफैले संयोजन गरिरहदा एक किसिमको छुट्टै अनुभव भइरहेको छ। यस ज्यापु दिवसमा संचालन हुने कार्यक्रममा आफ्नो ठाउँको महत्व अरुलाई देखाउन पाउने। यहाँ भएका व्यक्तिहरुको योगदान अरु माझ प्रस्तुत गर्न सकिने। विशेष योगदान गरिकन पनि छाँयामा परेको व्यक्तिहरुलाई प्रकाशमा ल्याउन सहयोग गर्न सकिने। साथै टोलमा भएको विशेष संस्कृति अरु माझ बाँड्न सकिने भएकोले अरु खुशि लागेको छ। ज्यापु दिवस हाम्रो टोलले संयोजन गर्न पाउँदा म लगायत यस टोलका सम्पूर्ण बासिहरु अत्यन्ते खुशि भएको अनुभुति पाएका छौ।

☞ ***यसपालिको ज्यापु दिवस संयोजन गरिरहनु हुँदा तपाईलाई तपाईको टोलबासिहरुले कतिको समर्थन गरिरहेका अथवा सहयोग गरिरहनु भएको छ ?***

यसपालि त्यंगल टोललाई संयोजनको जिम्मा दिइसके पछि हामीले टोलमा भेला गराई छलफल गरेका थियौं। सबैले हर्षित भइ स्वागत गरको छ। साथै सबैले सक्रिय रुपमा समर्थन गर्दै सहभागिता जनाउँदै आएको छ।

यसपालि हाम्रो टोलले संयोजन गरिरहँदा यो ज्यापु दिवस ज्यापुको मात्र होइन सबैको हो भन्ने सन्देश दिने प्रयत्न गरिरहेका छौ। यसपालि आदिवासी जनजातिको एक महत्वपूर्ण समुदाय तमाङ समुदायलाई पनि सहभागि हुन अनुरोध गरेका छौ उहाँहरुले सहर्ष स्वीकार गर्नुभएको छ। यसले आदिवासी समुदायमा एक अर्कोको संस्कृति अवलोकन गर्ने अवसर मिल्ने छ। साथै एकको अर्कोमा सहभागि भएपछि संस्कृतिमा माया बढ्ने पनि आशा लिएका छौ। साथै हाम्रो त्यंगल टोलका छिमेकी वडाहरुलाई पनि सहभागिको लागि अनुरोध गरेका छौं साथै यसटोलमा रहेका अरु गैर नेवाः समुदाय जस्तै खड्गी समुदायलाई नय्खि लिइ सहभागि हुन त्यस्तै तुलाधर समुदायलाई धाः लिइ सहभागि हुन अनुरोध गरेकोमा उहाँहरुले सहर्ष स्वीकार गरि सहाभागि हुने विश्वास दिनुभएको छ।

☞ ***तपाईलाई धन्यवाद दिदै अन्तमा तपाईंका केही कुरा भएमा राख्नुहुन अनुरोध गर्दछु।***

लगभग सबैकुरा मैले भनिसकेको जस्तो छ तैपनि मेरो मनमा लागेको कुरा के छ भने ज्यापु दिवस किन भयो नेवाःदिवस किन भएन भन्ने प्रश्न जुन उठिरहेको छ त्यसमा मेरो भनाई के छ भने ज्यापु दिवस भनेकै सम्पूर्ण नेवाः समुदायको दिवस हो। हामीले जुन पहिला ज्यापु लं अर्थात लुगा भनिरहेको अहिले सबै नेवाः समुदाय नेपाल भित्र रहेका नेपाल भन्दा बाहिर रहेका सबैले अपनाइ कार्यक्रममा लगाई नेवाः समुदायको प्रतिनिधित्व गरिरहेको छ। त्यसै गरि धिमे बाजा पहिला यसलाई ज्यापुहरुको बाजा भन्ने गरेकोमा अहिले नेपाल भित्रका मेचिमहाकालिदेखि अन्तराष्ट्रियमा बस्ने नेवाः समुदायले आफ्नो पहिचानको रुपमा प्रयोग गर्दै आइरहेको छ भने ज्यापु दिवसलाई पनि सम्पूर्ण नेवाः समुदायले अपनाउनु अनुरोध गर्दछु। साथै एक समुदायले गरेको काममा अर्को समुदायले ह मा ह मिलाएर गएमा समुदाएका मात्र नभइ देश विकासमा पनि टेवा पुग्ने छ।

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
लहना
व्यवसायिक पत्रकारिता, थौंया आवश्यकता LAHANA WEEKLY वाःपौ
खोजी खोजी पढौं ।

एसिसी यू-१९ को उपाधि बङ्गलादेशलाई

• **मेरो संवाददाता**

काठमाडौं/दुबईमा सम्पन्न एसिसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताको उपाधि बङ्गलादेशले जितेको छ। आइतबार भएको फाइनल खेलमा बङ्गलादेशले आयोजक संयुक्त अरब इमिरेट्स (युएई) लाई एक सय ९५ रनले हराउँदै उपाधि आफ्नो नाममा गरेको हो।

जितका लागि बङ्गलादेशले दिएको दुई सय ८३ रनको लक्ष्य पछ्याएको युएई २४.५ ओभरमा सबै विकेटको क्षतिमा ८७ रनमा समेटिएको थियो।

सेमिफाइनलमा युएईले पाकिस्तानलाई र बङ्गलादेशले भारतलाई हराउँदै फाइनलमा स्थान बनाएको थियो। एसिया कपमा समूह 'ए' बाट प्रतिस्पर्धा गरेको नेपाल समूह चरणबाटै बाहिरिएको थियो।

नेपाल व्यायाम मन्दिरको २३औं साधारणसभा सम्पन्न

• **मेरो संवाददाता**

व्यायामको लागि नेपालकै जेठो संस्था नेपाल व्यायाम मन्दिरले शनिबार २३ औं साधारणसभाका क्रममा विभिन्न व्यक्तित्वलाई सम्मानित तथा पुरस्कृत गरेको छ।

सो अवसरमा व्यायाम मन्दिरको विकासका लागि संस्थाको विभिन्न ओहदामा बसेर विगत लामो समयदेखि कार्य गर्दै आइरहेका पूर्व अध्यक्ष उदयबहादुर श्रेष्ठ र सदस्य रत्नलाल मानन्धरलाई लाइभ टाइम एचिभमेन्ट अवार्डबाट सम्मानित गरेको थियो। दुवै सम्मानित व्यक्तित्वलाई नगद ५५ हजार ५ सय ५५ का साथ प्रशंसा पत्र प्रदान गरिएको थियो।

सोही अवसरमा गोरखापत्रका प्रजित शाक्य, रातो पाटीका रोशन सिंह राउत, कान्तिपुर टेलिभिजनका प्रदीप लेखी, मेरो फिटनेश प्राइम एएचडी टिभीका देवराज पराजुली, काष्ठमण्डप टिभीका रोहित भट्ट र एबिसी टिभीका कवि राज बिसीलाई खेलकुद पत्रकारिता सम्मान प्रदान गरियो।

सम्मानित पत्रकारहरूलाई प्रशंसा पत्रका साथ जनही १० हजार रुपियाँ प्रदान गरिएको थियो।

यसैगरी व्यायाम मन्दिरले आफ्ना सदस्यहरूका छोरा छोरीहरूले विभिन्न क्षेत्रमा गरेको प्रगतिलाई मध्यनजर गर्दै सन्तति पुरस्कार बाट प्रजल बरिया र श्वेता शाहीलाई १० हजार रुपियाँसहित प्रशंसा पत्रले सम्मान गरेको हो।

सो अवसरमा अभिवक्ता कुमार राज भट्टराईलाई नगद २५ हजार रुपियाँसहित विशेष सम्मान र समाज सेवी विद्या सागर तुलाधरको तर्फबाट विगतमाझै व्यायाम मन्दिरको विकासमा सहयोग पुऱ्याउनु हुने सदस्यहरू कोषाध्यक्ष प्रशान्त सिंह र पूर्ण कुमार मानन्धरलाई २० हजार रुपियाँसहित सम्मान गऱ्यो। यस्तै मन्दिरका उपाध्यक्ष नानी काजी डङ्गोललाई सञ्चालक समितिको तर्फबाट दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

यसैगरी नेपाल व्यायाम मन्दिरको खेलाडीको रूपमा विभिन्न प्रतियोगितामा सहभागिता जनाउनुका साथै पदक प्राप्त गर्न सफल ३७ जना खेलाडीहरूलाई पनि नगदद्वारा सम्मान गरिएको थियो। यस अघि साधारण सभाको राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइरालाले उद्घाटन गर्नुभयो।

प्रधान अध्यक्षमा सर्मसम्मत

२०१० सालमा स्थापित नेपालकै अग्रणी खेल संस्था नेपाल व्यायाम मन्दिरको २३औं साधारण सभाले नारायण प्रधानलाई छैटौं पटकका लागि पनि सर्वसम्मत अध्यक्षमा चयन गरेको छ। शनिबार भएको साधारण सभाले मन्दिरको वरिष्ठ उपाध्यक्षमा अजय बज्राचार्य, उपाध्यक्षमा नानी काजी डङ्गोल र अनिललाल श्रेष्ठ, महासचिवमा सूर्य प्रसाद जोशी, सचिवमा ईश्वर श्रेष्ठ, कोषाध्यक्षमा प्रशान्त सिंह र सहकोषाध्यक्षमा नरेश नेपालीलाई पनि सर्वसम्मत चयन गरेको हो। सदस्यहरूमा ईश्वर खड्गी, अर्जुन वर्णवाल र रेनबहादुर श्रेष्ठलाई पनि सर्वसम्मत चयन गरेको हो। नयाँ कार्यसमितिले लुना प्रधान र संजीत श्रेष्ठलाई मनोनीत गरेको छ।

नेपाल पत्रकार महासंघया संस्थापक नाय: सत्यनारायण बहादुर श्रेष्ठया
१०८ क्व:ग्रु जन्म जयन्ती (पुस १३) या लसताय्
सत्यनारायण बहादुर श्रेष्ठ स्मृति मिडिया कप
पत्रकार-कलाकार मैत्री फुटसल कासा
दि
ने.सं. ११४४ थिंलाथ्व चतुर्दशी
२०८० पुस ९ गते सोमवार
थाय्
आदर्श विद्या मन्दिर, मानभवन, यल
ई
सुथसिया ८ निसें १२ बजे ।
ग्वसा:
बतिया निति - ९८५१०९८०९५, ९८५१०८६५६३, ९८४१२२४४७३

एन्फा सिइओमा तुलाधर नियुक्त

• **मेरो संवाददाता**

काठमाडौं/अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले सोमबार इन्द्रमान तुलाधरलाई प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा नियुक्त गरेको छ।

तुलाधर एन्फाका निवर्तमान महासचिव हुनुहुन्छ। यसैगरी सोही बैठकबाट प्रवीणकुमार यादवलाई सहायक कोषाध्यक्षको जिम्मेवारी दिइएको छ।

एन्फा बैठकको निर्णय अनुसार विशेष आउँदो माघ ८ गते विशेष साधारणसभा र फागुन १४ गते नियमित साधारण सभा काठमाडौंमा गर्ने निर्णय गरिएको जानकारी प्राप्त भएको छ।

एन्फाले विश्वकप छनोटलगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा निःशुल्क पास वितरणमा पूर्ण बन्देज लगाउने भएको छ। ती प्रतियोगिताबाट गेट टिकट बिक्री वितरणमार्फत उठेको रकमको २० प्रतिशत उमेर समूह र राष्ट्रिय महिला तथा पुरुष फुटबल टिमका खेलाडीलाई प्रदान गरिने छ।

एन्फाले सहिद स्मारक 'सी' डिभिजन लिग आगामी फागुन १५ गतेदेखि सञ्चालन गर्ने निर्णय पनि गरेको छ। यसै गरी नेपालले दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) ले आयोजना गर्ने विभिन्न उमेर समूहको महिला तथा पुरुष प्रतियोगितामा भाग लिने तथा साफ यु-१९ महिला, यु-१६ महिला र महिला साफ च्याम्पियनसिप नेपालमा आयोजना गर्न दाबी पेस गर्ने पनि भएको छ।

एन्फाले ब्लड क्यान्सरबाट पीडित एन्फा प्रशिक्षक प्रकाश अर्यालललाई तीन लाख रुपियाँ प्रदान गर्ने निर्णय पनि गरेको छ।

मेरो साहित्य

गोधुली साँझ

✍ **रहेना नकर्मी**

आहा !
गोधुली साँझ
मलाई मनपर्ने मनमोहक साँझ

दिनभरिको थकानलाई
क्षणमै हराउन
सफल तिमी
रञ्जन लाग्छ
उत्साहित हुन्छु तिम्रो जादु देखेर

भोलिको दिनमा महोत्सव मनाउन
सिन्दुर बोकी ल्याउँछौ
शुभेच्छा यही छ
गोधूली साँझमा
स्वागत गर्न पाउँ
अन्तर हृदयेश
मुस्कान छर्न पाउँ

सुनगाभालाई अँगालो हालेर
वहने
ए ! चिसो बतास
तिम्रो साथ खोजि नै रहनेछु।

निष्ठानन्दको १६७ औं जन्मजयन्ती

• **मेरो संवाददाता**

काठमाडौं/हलिं नेवाः दबूको आयोजनामा यही ने.सं. ११४४ थिंलाथ्व तृतिया (मंसिर २९ गते) शुक्रवार जूम प्रविधि प्रयोग गरी गद्यगुरु पण्डित निष्ठानन्द बज्राचार्यको १६७ औं जन्मजयन्ती मनाइयो ।

हलिं नेवाः दबूका केन्द्रीय अध्यक्ष संयुक्त श्रेष्ठले निष्ठानन्दको तस्वीरअगाडि त्वाःदेवामा दीप प्रज्ज्वलन गरी सुरु गरिएको कार्यक्रममा उहाँले सबैलाई स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख वक्ता ईल्वहं प्रकाशनका संरक्षक नेवाः न्त्यलुवा नरेशवीर शाक्यले पण्डित निष्ठानन्दको कृति ललितविस्तर पुस्तक बारे बताउनु भएको थियो । निष्ठानन्दले लेख्नुभएको ललितविस्तर टाइवानबाट मात्र २८ हजार प्रति प्रकाशित भइसकेको सबैको लागि गौरवको विषय भएको प्रमुख वक्ता शाक्यले बताउनुभयो ।

कार्यक्रममा नेवाः देय् दबूका अध्यक्ष पवित्र बज्राचार्यले निष्ठानन्दले ललितविस्तर मात्र नभई धेरै कृति सृजना गरी नेपाल भाषा साहित्य क्षेत्रको विकास गर्न टेवा पुऱ्याउनु भएको बताउनु भयो ।

लोककवि एवम् हलिं नेवाः दबूका साहित्यिक एम्बेसडर राजभाइ जकःमिले निष्ठानन्द बारे कविता वाचन गर्नुहुँदै निष्ठानन्द नेपालभाषाको पुनर्जागरण युग ल्याउने चार स्तम्भ मध्ये सबैभन्दा जेष्ठ महारथि भएको उल्लेख गर्नुभयो ।

वरिष्ठ पत्रकार सिल्भिया राजोपाध्यायले संचालन गर्नुभएको कार्यक्रममा दबूका केन्द्रीय सचिव लुमु श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

नेपालभाषा विषयमा अन्तरकृया सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/रत्न राज्यलक्ष्मी क्याम्पसमा नेपालभाषा अभियन्ता, शिक्षक, नेपाल भाषा अध्ययनरत विद्यार्थी र रत्न राज्यलक्ष्मीका क्याम्पस प्रशासनबीच बि.ए. तहमा भर्नाभएका विद्यार्थीहरुलाई अध्ययन गर्ने अधिकारबाट बञ्चित गरेको बिषयमा पत्रकारिता हलमा छलफल भएको छ ।

मंसिर २८ गते बिहिबार भएको कार्यक्रममा नेपाल भाषा अभियन्ता प्रशान्त डंगोलले रत्न राज्यलक्ष्मी क्याम्पसमा अरु विषयका विद्यार्थीहरुले अन्य विषयमा अध्ययन गरिरहँदा नेपालभाषामा भर्ना भएका विद्यार्थीहरु टुलुटुलु हेरिरहनुपर्ने अवस्था अन्त्य हुनुपर्ने धारणा राख्नुभयो ।

सो छलफलमा नेपालभाषा शिक्षिका श्रीमिला सुवालले आफूले नेपालभाषा विषय बचाउनकालागी सुरुको शैक्षिक सत्र निशुल्क अध्यापन गराएको अवगत गराउँदै आगामी दिनमा नेपालभाषाको लागी अझै पनि भोलिन्टियर गर्न तयार रहेको बताउनुभयो ।

सो क्रममा नेवाः विध्यार्थी युनियनका अध्यक्ष रिदेन महर्जनले बि.ए. तहमा नेपालभाषा पढ्नका लागि विद्यार्थी भर्ना भएका र अझै भर्ना हुन सक्ने अवस्था रहे पनि शिक्षक नै नभएको कारणले पठनपाठनमा समस्या भएको बताउँदै दरबन्दी शिक्षकको व्यवस्था गराउन माग राख्नु भयो ।

क्याम्पसका सहायक प्रमुख राम कार्कीले बि.ए. नेपालभाषा विषयमा शिक्षकको माग आफुहरुले बारबार त्रि.वि. सित शिक्षक दरबन्दी माग गरेको भएता पनि कुनै जवाफ अहिले सम्म नआएको बताउनुभयो ।

रत्न राज्यलक्ष्मी क्याम्पसका प्रमुख जीवनधर ज्ञवालीले सहभागी नेपाल भाषा अभियन्ताहरुको योगदानको प्रशंसा गर्दै केही प्रसाशनिक त्रुटिका कारण नेपालभाषा अध्यापन स्थगन भएको र पुस १ गतेदेखि पुनः अध्यापन सुचारु हुने बताउनु भएको थिये ।

सो छलफल कार्यक्रममा शिक्षक योगेन्द्र राज कर्णीकार, दिपना शर्मा, हेराकाजी डंगोल, विद्यार्थी सिजन महर्जन, अमर डंगोल लगायतले आ–आफ्नो धारणा राखे ।

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१
यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

नारायण भजन मण्डलको ५१ औं स्थापना दिवस

• **बाबुकाजी श्रेष्ठ**

मध्यपुर थिमि, १ पुस, २०८०- मध्यपुर थिमि नगरपालिका वडा नं. ४ इनायटोल स्थित नारायण भजन मण्डलको ५१ औं स्थापना दिवस मनाएको छ ।

इन्द्रायणी मन्दिर परिसरमा भएको उक्त कार्यक्रममा नारायण भजन मण्डलका जेष्ठ सदस्यहरुलाई मध्यपुर थिमि नगरपालिकाका नगरप्रमुख सुरेन्द्र श्रेष्ठले दोसला ओढाई सम्मान गर्नु भएको थियो । सम्मानको क्रममा नगरप्रमुख श्रेष्ठले मध्यपुर थिमि नगरभित्रका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुपमा जेष्ठ नागरिक स्वास्थ्य विमालगायत सम्मान कार्यक्रम ल्याएको समरण गराउँदै नारायण भजन मण्डललाई सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो ।

मध्यपुर थिमि वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण पात्या श्रेष्ठले कार्यक्रम संचालन गरिएको कार्यक्रममा सम्मानित हुनुहुने जेष्ठ सदस्यहरुमा ज्ञानकुमार साःछैं श्रेष्ठ, सत्यनारायण जोशी, लक्ष्मीकुमार साःछैं श्रेष्ठ, सूर्यप्रसाद भाराग्वारा श्रेष्ठ र बद्री चक्रधर रहेका छन् ।

बि.सं. २०३० साल विवाहपञ्चमी कै दिन स्थापन भएको नारायण भजन मण्डलले आजसम्म विहान-बेलुका भजन गर्दै आइरहेको छ । प्रत्येक वर्षको अक्षयतृत्याको दिन सामुहिक बेल-विवाहको कार्यक्रम पनि निरन्तर गर्दै आइरहेको भजन

मण्डलका सदस्य विद्याराम श्रेष्ठले जानकारी दिनुभयो ।

कार्यक्रममा नारायण मन्दिरका मुल पुजारी विकास राजोपाध्याय, भजन गुरु हरिकृष्ण भाग्यः श्रेष्ठलगायत गण्यमान्यहरु सहभागी रहेको थियो ।

प्लाष्टिकको प्रयोग नगरौं,
वातावरण स्वस्थ राखौं
➢ प्लाष्टिक चारसय वर्षसम्म कुहिँदैन ।
➢ यसले जमिन तथा जल प्रदुषण गर्दछ ।
➢ प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
➢ प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ।
➢ खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ ।
त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड